निर्णय नं.१

यस भरतपुर महानगरपालिकाको नगर सभाको मिति २०७४/०७/२८ देखि ३० गते सम्म हुने निर्णय भएकोमा निर्वाचन आचार संहिता लागू भएकोले उक्त नगर सभा हाललाई स्थगित गरि अर्को मिति आगामी बैठकमा तय गर्ने निर्णय गरियो ।

निर्णय नं. २

नेपाल सरकारले बिश्व बैंकबाट Scaling Up Renewable Energy Program (SERP): Extended Biogas Project को लागि अनुदान प्राप्त गरेको र सो को केहि अंश यस महानगरपालिका भित्र उत्पादन हुने फोहोरलाई व्यबस्थित गरि उर्जा उत्पादन गर्ने कार्यका लागि अनुदान स्वरुप खर्च गर्न चाहेको र सोहि बमोजिम मिति २०७२ चैत्र २८ गते यस महानगरपालिका र वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र बिच समझदारी पत्रमा हस्ताक्षर समेत भएको हुँदा सो समझदारी पत्र अनुसार यस महानगरपालिकाले वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रसँगको सहकार्यमा यस नगर क्षेत्रमा उत्पन्न फोहोरबाट उर्जा उत्पादन गर्ने कार्यमा विश्व बैंकबाट स्वीकृत विधि एवं प्रक्रिया बमोजिम एक योग्य निजि लगानी कर्ताको छनोटका लागि नियमानुसार प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम भरतपुर महानगरपालिकाको बृहत/एकिकृत शहरी बिकास गुरुयोजना Comprehensive /Integrated Urban Development Plan TUDP निमोण गर्दा यसको भू-उपयोग योजना, भौतिक उपयोग योजना, सामाजिक सांस्कृतिक, आर्थिक र सांगठनिक बिकास, वातावरणिय र जोखिम संवेदनशिल भू-उपयोग, नगर यातायात योजना, पर्यटन बिकास योजना र बहु क्षेत्रगत लगानी योजनाहरु तयार हुन गई समग्र महानगरको अल्पकालिन र दीर्घकालिन रुपमा विकासले गति लिने भएको हुँदा बृहत/एकिकृत शहरी बिकास गुरुयोजना निर्माण गर्न छनौट गरिएका ६(छ) वटा परामर्शदातालाई ३० (तीस) दिनको Request for Proposal (RFP) पेश गर्न लगाई योजना सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिकालाई साधन सम्पन्न गराई प्रभावकारी, चुस्त दुरुस्त, नियमित र समयमानै सेवा प्रदान गर्न निम्न बमोजिम मेशिन, औजार एवं उपकरण खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

| क.सं. | खरिद गर्नु पर्ने साधन | संख्या |
|---|---|---|
| १ | ग्रेडर | १(एक) |
| २ | हलुका सवारी साधन | २(दुई) |
| ३ | रोलर | १(एक) |
| ४ | मिनि एक्साभेटर | १(एक) |
| ५ | कम्प्याक्टर गाडि | २(दुई) |
| ६ | ब्रुमर | १(एक) |
| ७ | घास काट्ने मेसिन | ४(चार) |
| ८ | झाडी काट्ने मेसिन | ४(चार) |
| ९ | पानी टंकी | २(दुई) |

२०७४/७/२८

Scanned by CamScanner